# “जेष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७४”

| | |
|---|---|
| **नगर कार्यपालिका** | २०७४ । १० । ०३ |

**चौतारा साँगाचोकगढी नगरपालिका**

**सिन्धुपाल्चोक**

**३ नं. प्रदेश, नेपाल**

## जेष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका २०७४

### १. परिचय :

जेष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्न साथै राज्यद्धारा तोकिएको सेवा एवं सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची-८ को क.सं १६ बमोजिमको कार्य गर्न "जेष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका २०७४" जारी गरिएकोछ ।

### २. परिचय-पत्र वितरणका आधार :

नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम जेष्ठ नागरिकको हक, जेष्ठ नागरिक सम्वन्धी नियमावली, २०६५ को नियम १५ अनुसार जेष्ठ नागरिकहरुलाई परिचय-पत्र दिने व्यवस्था लगायत जेष्ठ नागरिक परिचय-पत्र वितरणको आधार हुनेछ ।

### ३. उद्देश्यः

क. जेष्ठ नागरिकको पहिचान गर्ने र स्थानीय तहदेखि नै जेष्ठ नागरिकहरुको लगत राख्ने ।

ख. नेपालको संविधान अनुसार प्रदत्त जेष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र जेष्ठ नागरिकको वर्गिकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकहरुलाई आवश्यक सेवा सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग. प्रचलित ऐन, नियम अनुसार जेष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय अधिकार र समानता प्रदान गरी नजिहरुमा ज्ञान, सीप क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रकृयामा सहभागि गराउने ।

### ४. लक्षित वर्ग :

जेष्ठ नागरिक सम्वन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका ६० वर्ष उमेर पुरा गरेका सवै नेपाली नागरिकहरु ।

### ५. जेष्ठ नागरिकको वर्गिकरण :

जेष्ठ नागरिक सम्वन्धी नियमावली २०६५ को नियम १४ को उप नियम (१) बमोजिम जेष्ठ नागरिकहरुको वर्गिकरण देहाय बमोजिम गरिएकोछ ।

क. ६० वर्ष उमेर पुरा गरेका जेष्ठ नागरिक

ख. ७० वर्ष उमेर पुरा गरेका बरिष्ठ जेष्ठ नागरिक

ग. असाहाय जेष्ठ नागरिक

घ. अशक्त जेष्ठ नागरिक

### ६. परिचय-पत्र वितरणको मापदण्ड :

जेष्ठ नागरिक सम्वन्धी नियमावली २०६५ को नियम १५ बमोजिम ६० वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र जेष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ ।

## ७. जेष्ठ नागरिक परिचय-पत्रको ढाँचा :

जेष्ठ नागरिक सम्वन्धी नियमावली २०६५ को अनुसूचि ३ बमोजिमको ढाँचालाई नै आधार मानी जेष्ठ नागरिक परिचय पत्रको ढाँचा यस निर्देशिकाको अनुसूचि १ बमोजिमको हुनेछ । जेष्ठ नागरिक परिचय पत्रको आकार (Size) नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बरावरको हुनेछ ।

## ८. परिचय-पत्र वितरण प्रकृयाः

क. जेष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न ६० वर्ष उमेर पुगेको जेष्ठ नागरिक स्वयं वा निजको संरक्षकले चौतारा साँगाचोकगढी नगरपालिकाका प्रमुख समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

ख. निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र दुई प्रति अटो साईजको फोटो संलग्न हुनु पर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण पत्र लाई आधार मानिनेछ ।

ग. जेष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको पदाधिकारी हुनेछ ।

घ. परिचय-पत्र प्राप्त जेष्ठ नागरिकहरुको लगत तोकिए बमोजिमको सफ्टवेयरमा कम्प्यूटराईज्ड गरी यस चौतारा साँगाचोकगढी नगर पालिकाको कार्यालयमा राखि वार्षिक रुपमा प्रदेश र संघको सम्वन्धित मन्त्रालयमा जानकारी गराईनेछ ।

ङ. जेष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपि लिन सम्वन्धित प्रहरी कार्यालयको सिफारिस वा वडा कार्यालयको सिफारिस सहित यस नगरपालिकामा निवेदन पेश गर्नु पर्नेछ ।

## ९. विविध :

क. जेष्ठ नागरिक परिचय-पत्र वितरणका लागि आवश्यकता अनुसार यस चौतारा साँगाचोकगढी नगरपालिकाले थप कार्यविधि निर्माण तथा थपघट गर्न सक्नेछ ।

ख. जेष्ठ नागरिक परिचय-पत्र वितरण सम्वन्धमा माथि उल्लेखित व्यवस्था वाहेक प्रचलित कानुनको अधिनमा रही यस चौतारा साँगाचोकगढी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरे बमोजिम हुनेछ ।

## अनुसुची-१

## चौतारा साँगाचोकगढी नगर कार्यपालिकाको कार्यालय

चौतारा, सिन्धुपाल्चोक

# जेष्ठ नागरिक परिचय–पत्र

नामथरः–.................................................

ना.प्र.नं.:......................परिचय–पत्र नं....................................

ठेगानाः  चौतारा साँगाचोकगढी न.पा. वडा नं......टोल, गाउँ, वस्तीः............

उमेरः...........लिङ्ग................

उपलव्ध छुट तथा सुविधाहरूः...........................

पति/पत्निको नाम..........................................

संरक्षकको नामथर, सम्पर्क ठेगाना, मोवाईल नंः.......................................

हेरचाह केन्द्रमा वसेको भए सो को विवरणः.....................

पछाडी राखिने विवरण

सम्पर्क गर्नु पर्ने व्यक्तिको नाम, थर सम्पर्क ठेगाना ..................................

रक्त समूह, र रोग भए रोगको नाम र सेवन गरेको औषधिको नाम ..........

प्रमाणित गर्ने अधिकृतको

दस्तखतः

नाम थरः

पदः

मिति :

कार्यालयः

कार्यालयको छाप

## चौतारा साँगाचोकगढी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

चौतारा, सिन्धुपाल्चोक

३ नं प्रदेश, नेपाल

# जेष्ठ नागरिक परिचय पत्र

परिचय पत्र नं.........

नामथरः-...............................................
ना.प्र.नं.ः......................
ठेगानाः चौतारा साँगाचोकगढी न.पा. वडा नं......टोल/वस्तीः............
उमेरः...............................................  लिङ्ग................
उपलब्ध छुट तथा सुविधाहरूः...........................
पति/पत्निको नाम..........................................
संरक्षकको नामथरः......................................
हेरचाह केन्द्रमा वसेको भए सो को विवरणः......................

## पछाडी राखिने विवरण

सम्पर्क गर्नु पर्ने व्यक्तिको नाम, थर सम्पर्क ठेगाना .................................
क, रक्त समूह
ख, रोगको नामः.............................ग, औषधिको नाम ..........

**प्रमाणित गर्ने अधिकृतको**

**दस्तखतः**
**नाम थरः**
**पदः**

**मिति :**
**कार्यालयः**

**कार्यालयको छाप**